नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चौतारा, सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४

पत्र संख्या ०८०/८१
चलानी नं. २५७५

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

मितिः-२०८१/०१/१०
ने.सं. ११४४ चौलाथ्व, १४ सोमबार

## हातहतियार इजाजत नवीकरण तथा प्रयोग सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस जिल्लाबाट विभिन्न मितिमा हातहतियार राख्ने इजाजत पत्र लिएका व्यक्ति/संस्थाहरुले नियमानुसार नवीकरण गर्नुपर्नेमा कतिपय इजाजतपत्र प्राप्त व्यक्ति/संस्थाले नवीकरण गरिएको अभिलेखबाट नदेखिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र नवीकरणको लागि हातहतियार र इजाजतपत्र सहित उपस्थित भई नवीकरण गराउनुहुन तथा ५ वर्ष भन्दा बढि नवीकरण नगरी म्याद गुजार्नेहरुको हकमा नजिकको प्रहरी ईकाईमा उक्त हातहतियार र इजाजतपत्र अनिवार्य रुपमा बुझाउनुहुन साथै, हातहतियार इजाजत नवीकरण तथा प्रयोग सम्बन्धी तपशिलमा उल्लेखित भए अनुसार गर्नु/गराउनु हुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचनाको बर्खिलाप गरेमा प्रचलित कानून बमोजिम भैजाने व्यहोरा समेत जानकारी गराईन्छ।

### तपशिलः

१. जुन जिल्लाबाट हातहतियार खरखजानाको इजाजतपत्र जारी भएको हो सोही जिल्लाबाट मात्रै इजाजतपत्र नवीकरण गरिने छ ।

२. इजाजतपत्र हातहतियार सम्बन्धित व्यक्तिको साथमा नभई अन्य व्यक्तिको साथमा रहेको पाईएमा निजको ईजाजतपत्र रद्द गरी सो हतियार समेत जफत गरिने छ ।

३. हातहतियारको ईजाजतपत्र प्राप्त गरेको जिल्ला बाहेक अन्य जिल्लामा र सुरक्षा संवेदनशील स्थानहरुमा लैजान नमिल्ने ।

.................................

जित बहादुर भण्डारी
सहायक प्रमुख जिल्ला अधिकारी

**स. प्रमुख जिल्ला अधिकारी**